स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

"सवारी साधन चलाउनु पूर्व चेकजाँच गरेर मात्र सवारी चलाउनुहोस् ।"

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



फिल्म 'पुजार सार्की'को पहिलो गीत 'दर्शन गरेँ' सार्वजनिक गरिएको छ । सार्वजनिक गरिएको यो गीत मगार जातिहरुको परम्परा अनुसारको लोकप्रिय 'कौडा नृत्य'मा आधारित छ । सार्वजनिक गीतमा तीन स्टार अभिनेताहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह सहित दुई अभिनेत्रीहरु अञ्जना बराइली र परीक्षा लिम्बुले मगार पहिरनमा सजिएर सामूहिक कौडा नृत्य गरेका छन् । कास्कीको जिल्लाको धम्पुसमा छायाङ्कन गरिएको यसको भिडियो माछापुच्छ्रे हिमाललाई पृष्ठभूमिमा राख्दै तयार पारिएको छ। यसका कोरियोग्राफर शिशिर खाती हुन् ।

**आजको विचार...**



ऊर्जा...
(दुई पेजमा)

डा. मुकेशराज काफ्ले



बैशाख १४ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'बोक्सीको घर' प्रचारमा पनि फरक शैली अपनाएको छ । सेलिब्रेटीहरुलाई फिल्मको नाम अंकित केक कोसेली पठाइएको छ भने हल-हलमा 'बोक्सी हराएको सूचना' राख्दै दर्शकहरुको ध्यान आकर्षित गरिएको छ ।

❑ वर्ष २९ ❑ अंक २६१ ❑ २०८१ वैशाख ९ गते आइतबार 21 April 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# भयावह बन्दै आगलागी

**दिनहुँ आगलागीका घटना भइरहे पनि त्यसको नियन्त्रणतर्फ स्थानीय जनप्रतिनिधिले समेत प्रभावकारी कदम चाल्न सकेका छैनन् । केन्द्रीय र प्रादेशिक सरकार त यस्तो विषयमा आफैं अलमलमा देखिन्छ ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख ८/पछिल्ला केही दिन यता देशका विभिन्न भागमा आगालीका घटनाहरु बढेका छन् । सुक्खा खडेरी बढेसँगै आगालागीका घटना बढेका हुन् ।

अहिले तराई र पहाडका वनमा दिनहुँ आगलागीका घटना भइरहेका छन् । केही दिन यता पहाडी जिल्ला पाल्पा र गुल्मीमा आगलागी भयावह बन्दै गएको छ । जंगलमा लागेको आगो नजिकैका वस्तीमा फैलिएपछि अवस्था थप भयावह बन्दै गएको हो । जंगलमा लागेको भीषण आगो बस्तीमा सल्किँदा गुल्मीमा दर्जनौ घरगोठ जलेर नष्ट भएका छन् । जिल्लाका विभिन्न ठाउँमा लागेको डढेलो बस्तीमा सल्किँदा ठूलो भौतिक क्षति हुन पुगेको छ । डढेलो गाउँमा सल्किँदा त्यहाँको इस्मा गाउँपालिका -२ सिधुङखा, फेदिया, मैनडाँडा र वडा नं १ उजुङगमा दर्जनौं घरगोठ जलेर नष्ट भएका छन् । शनिबार विहान रानीबनमा लागेको आगो बस्तीमा पस्दा सिधुङ्खा अधिकास घर, गोठ सखाफ भएका छन् । मानवीय क्षति नभए पनि घर, गोठ, पशुचौपाया र घरभित्र रहेका अन्नपात पुरै जलेका छन् । क्षतिको यकिन विवरण भने आइपुगेको छैन् । घरसहित अन्नपात र लत्ताकपडा



जलेपछि त्यहाँका नागरिक खुला आकाशमा आइपुगेका छन् । सिंगो गाउँमै आगलागी हुँदा केही घर, गोठ र पशुचौपाया जलेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी प्रमुख राजन भुजेलले जानकारी दिए । शनिबार बिहानैदेखि लागेको आगो नियन्त्रणमा आउन सकेको छैन । जंगल नजिकै रहेको वस्तीमा आगो आउन थालेपछि प्रहरी, सेना लगायत स्थानीय बासिन्दाहरु वस्तीतर्फ आगो आउन नदिन प्रयासरत रहे पनि हावाहुरीका कारण आगो नियन्त्रणमा कठिनाई भएको एसपी भुजेलले बताए । रेसुङ्गा नगरपालिकाको दमकल समेत त्यहाँ पुगेको छ । जंगलसगैं ति क्षेत्रमा करिब ५०/६० परिवारको बसोवास रहेको छ । अहिले सिदुङखामा लागेको आगो रानीवनमा झरेको छ । मैनाडाँडामा रहेका केही घरहरु समेत उच्च जोखिममा रहेको स्थानीय कमल खत्रीले बताए । उनका अनुसार सिधुङखा, रानीवन, बड्मान तिरबाट आगो फैलिएकाले मैनडाँडा समेत जोखिममा रहेको हो ।

आगोका कारण फेदियामा समेत भौतिक क्षति भएको छ । प्रहरीका अनुसार आगालगीबाट एउटा ट्याक्टर जलेको र दुई जना घाइते भएका छन् । आगालीमा परी ट्याक्टर चालक ईश्मा गाउँपालिका -१ उजुङका १९ वर्षीय हिमाल राना र जेसिबि चालक मुसिकोट नगरपालिका -७ पल्टारका २१ वर्षीय प्रेम राना घाइते भएका हुन् । उनीहरुको हात, खुट्टा र अनुहारमा जलेको जिल्ला प्रहरी कार्यालले जनाएको छ । यस्तै ईस्मा गाउँपालिका-४ बर्लेघाट सामुदायिक वन स्थित चौया मखन्ने वनमा लागेको आगो बस्तिमा आउदा गोठ र पशुचौपाया जलेका छन् । यस्तै गुल्मीदरबार गाउँपालिका -३ उरिङ्डाडास्थित सितल सामुदायिक बनमा पनि आगलागी भएको छ । अहिले उक्त आगलागी बस्तिको नजिक आउन लागेको र नियन्त्रणको प्रयास भइरहेको प्रहरीले जनाएको छ । शुक्रबार बिरबासस्थित रुङखादह सामुदायिक जंगलमा लागेको आगो विद्युत सब-स्टेसन परिसरमा पुग्दा त्यहाँ रहेका तारहरु जलेर नष्ट भएका थिए । जिल्लाका अन्य ठाउँहरुमा पनि आगालागी भइरहेको प्रहरीले जनाएको छ । यता पाल्पाको सदरमुकाम तानसेनको श्रीनगर डाँडास्थित जंगलक्षेत्रमा केही दिनयता डढेलो लागेको छ । मंगलबारदेखि शनिबार सम्म दैनिक डढेलो लागेको हो । सामुदायिक वनका उपभोक्ताले डढेलो नियन्त्रण प्रयास गरे पनि पुन: लाग्ने समस्याले पीडित भएको गुनासो गरेका छन् । शनिबार पनि कैलाशनगर जनिकै आगो लागि भएको थियो । प्रहरी र स्थानीयले आगो नियन्त्रणमा लिएका छन् । त्यहाँ कुनै मानवीय क्षति भने भएन ।

यहाँ केही दिन यता तानसेन बजारदेखि केहीमाथि गणेश मन्दिर क्षेत्र, कैलासनगर क्षेत्र, गैरागाउँ, भुसालडाँडा क्षेत्रमा डढेलो लागेको छ । जिल्लाका अन्य ठाउँहरुमा पनि आलागीाका घटनाहरु भइरहेका छन् । गर्मी बढेसँगै हरेक वस्तुको प्रज्ज्वलनशीलता बढ्ने र जमिन तथा भवनमा ओस नहुने कारणले आगोको सानो झिल्कोले क्षणभरमै भौतिक वस्तुसँगै मान्छेलगायतका प्राणीको ज्यान जान सक्ने खतरा हुन्छ । दिनहुँ आगलागीका घटना भइरहे पनि त्यसको नियन्त्रणतर्फ स्थानीय जनप्रतिनिधिले समेत प्रभावकारी कदम चाल्न सकेका छैनन् । केन्द्रीय र प्रादेशिक सरकार त यस्तो विषयमा आफैं अलमलमा देखिन्छ । वनमा भएका अनेक जीव र वनस्पतिलाई क्षणभरमा नै नष्ट पार्ने आगोले कहिलेकाहीं सिंगो गाउँ नै लपेट्न सक्छ भन्नेमा आममान्छेले ध्यान नदिनाले गर्मी बढ्दै जाँदा यो याममा धेरै स्थानमा आगलागी भइरहेका छन् ।

## संक्षिप्त समाचार

### हवाइ आक्रमणमा सर्वसाधारणको मृत्यु

**(रासस/एएफपी)**

**किएभ, युक्रेन,** वैशाख ८/युक्रेनले शनिबार बिहानै रूसतर्फ ड्रोन आक्रमण गरेको र आक्रमणका कारण रूसी इन्धन डिपोमा आगो लागेको अधिकारीहरूले बताएका छन् ।

रूसको बेल्गोरोड क्षेत्रका गभर्नर भासिली एनोखिनलले युक्रेनको सीमापार आक्रमणमा कम्तीमा तीन जनाको मृत्यु भएको र युक्रेनको उत्तरपूर्वी क्षेत्रमा रूसी आक्रमणमा परी दुई जनाको मृत्यु भएको बताएका छन् । युक्रेनको रक्षा क्षेत्रका एक स्रोतले एएफपीलाई बताए अनुसार किएभले रूसको सैन्य-औद्योगिक परिसरलाई खुवाउने ऊर्जा पूर्वाधारका लागि 'ठूलो आकारको' ड्रोन आक्रमण गरेको थियो । युक्रेनको सुरक्षा सेवा (एसबियु), सेना र सैन्य गुप्तचर निकायको 'संयुक्त अभियान' भएको भन्दै स्रोतले भन्यो, 'कम्तीमा तीन वटा विद्युतीय सबस्टेसन र एउटा इन्धन भण्डारण केन्द्रमा आगलागी भएको छ । रूसको रक्षा मन्त्रालयले रातिमा आएका ५० वटा युक्रेनी ड्रोनलाई रोकेको जनाएको छ । रोकिएका ड्रोनमध्ये केही राजधानी मस्को नजिकैको सीमाबाट सयौँ किलोमिटर टाढा रहेका छन् । रूसको पश्चिमी स्मोलेन्स्क क्षेत्रको एक इन्धन डिपोमा ठूलो आगलागी भएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको छ । 'वायु रक्षा बलले हवाई वाहनहरूलाई गोली हानी आक्रमण विफल पार्ने प्रयास गरेपनि भग्नावशेष खसेपछि इन्धन र लुब्रिकेन्ट्स भएको ट्याङ्कीमा आगो लागेको छ,' गभर्नर एनोखिनले बताए ।

## आज महावीर जयन्ती

**पाल्पा,** वैशाख ८/आज महावीर स्वामी जन्म जयन्ती देशभर मनाइँदै छ । हरेक वर्ष चैत महिनाको शुक्ल पक्षको त्रयोदशी तिथिमा यो जयन्ती मनाइन्छ ।

महावीरले जैन धर्मको खोजसँगै यस धर्मका प्रमुख सिद्धान्तहरुको प्रतिपादन गरेका थिए । महावीर स्वामीलाई जैन धर्मका २४ औं तीर्थकर तथा भगवानका रुपमा पूजा गरिन्छ । त्यसैकारण यस दिन भगवान् महावीरको शोभा यात्रा निकालिन्छ, जसमा जैन धर्मका अनुयायीहरुको ठूलो सहभागीता रहन्छ । तर यसपटक कोरोनाका कारण आ्नै घरमा उनीहरुले पूजा गर्नेछन् । भगवान् महावीरलाई वीर, वर्धमान, अतिवीर र सन्मतिको नामले पनि सम्बोधन गरिन्छ । उनले आफ्नो जीवनमा तप र साधनाको नयाँ प्रतिमान स्थापित गरेका थिए । महावीरको जन्म बिहारको कुण्डग्राममा ईसापूर्व ५ सय ९९ वर्ष पहिले चैत शुक्लको त्रयोदशीका दिन एक राज परिवारमा भएको थियो । उनका पिताका नाम राजा सिद्धार्थ र माता रानी त्रिशला थिइन् । भगवान् मावीरको बाल्यकालको नाम वर्धमान थियो । १२ वर्षसम्मको कठोर तपस्यापछि उनले आफ्ना इन्द्रियहरुमाथि विजय प्राप्त गरेको मानिन्छ । त्यसैकारण उनलाई महावीर नामले सम्बोधन गरिएको थियो । राज परिवारमा जन्म भएपछि संसारसामु ज्ञान फैलाउनका लागि उनी सन्त बनेका थिए । महावीरको विवाहलाई लिएर दुईथरी मत छ । श्वेताम्बर सम्प्रदायका मानिसहरु उनको विवाह यशोधरासँग भएको मान्छन् । उनीहरुका अनुसार यो जोडीकी एक छोरी प्रियदर्शना निकै सुन्दर थिइन् । यद्यपी,दिगंबर सम्प्रदायका मानिसहरुका अनुसार महावीरको विवाह भएको थिएन ।

## छत्रकोटमा उखु महोत्सव, किसान भए उत्साहित

**गुल्मी,** वैशाख ८/छत्रकोट गाउँपालिकामा आयोजना गरिएको उखु महोत्सवबाट उखु किसान उत्साहित बनेका छन् । उखुको उत्पादनलाई थप व्यावसायिक बनाउँदै त्यसको प्रवर्द्धन र विकासका लागि गाउँपालिकाले वडा नं ४ अन्तर्गत दिगामा शुक्रबार एकदिने उखु महोत्सवको आयोजना गरेको छ ।

पालिकालाई उखुमा आत्मनिर्भर बनाउनका लागि आयोजना गरिएको महोत्सवमा पराम्परागत शैलीमा गोरुको प्रयोग गरी उखु पेल्ने, खुदो र गुँड बनाउने कार्यका अतिरिक्त उखुको रसबाट उत्पादित सामग्रीलाई प्रदर्शनीमा राखिएको थियो । महोत्सवमा स्थानीय जातको सेतो कोसेर, रातो कोसेर, कालो कोसेर, जीतपुर कोसेर एवं पुरानो जातका उखु प्रदर्शन गरिएको थियो । गाउँपालिकाको



वडा नं ४ स्थित दिगाममा पहिलो पटक सञ्चालन गरिएको महोत्सवमा उखुको महत्व र त्यसको उपयोगिताका बारेमा विभिन्न गीत तथा सांस्कृतिक झाँकीसमेत प्रस्तुत गरिएको थियो । उखु महोत्सवमा जिल्ला समन्वय समितिका प्रमुख द्रोणबहादुर खत्रीले छत्रकोटको कृषि क्षेत्रमा नौलो कार्यक्रम गर्ने सो पालिका रहेको बताए । उनले छत्रकोटले उखु खेतीका माध्यमबाट आर्थिकोपार्जन गरी समुन्नति हासिल गर्नसक्ने बताए ।

**...बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सुशासनको खडेरी

राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवं न्यायिक रूपमा उपलब्ध गराई आमनागरिकलाई शासनको सुखद् अनुभुति दिलाउनु नै वास्तवमा सुशासन हो । तर सुशासनको परिभाषा अनुसार जनताले अनुभूत गर्न पाएका छैनन् ।

सरकारी कार्यालयमा काम लिएर जाने धेरैजसो सेवाग्राहीले सधै समस्या भोग्नु परेको छ । अधिकांस सरकारी कार्यालय मार्फत हुने पुरानै शैलीको काम गराइले आमनागरिकले अहिले पनि सास्ती खेप्नु परेको छ । केही सरकारी कार्यालयको कमजोरीले जनताका नजरमा समग्र सरकारी कार्यालयप्रतिको हेराइलाई नै गलत साबित गरिदिएको छ । कुनै कार्यालयले पृथक ढंगबाट काम गरेर सेवाग्राहीलाई छिनभरमै सेवा दिन्छु भन्यो भने हतपत पत्याउनै नसकिने अवस्था छ । यस्तो विडम्बनापूर्ण अवस्था अन्त्य नभएसम्म मुलुकमा सुशासन, जवाफदेहिता र पारदर्शितालाई मुखरित गराउन सकिँदैन । वास्तवमा जनता सुशासनका मियो हुन् । जनता खुसी पार्न नसक्ने प्रशासन संयन्त्रमा सुशासनको कल्पना पनि गर्न सकिँदैन् । सुशासनबिना कुनै पनि देशको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विकासका लक्ष्यहरू हासिल गर्न सकिँदैन । तर, नेपालमा दिनानुदिन सुशासन हराउँदै गएको छ । यो अत्यन्त दुखको कुरा हो । लोकतन्त्र ल्याउनमा आफ्नो हात रहेको दाबी गर्ने राजनीतिक दलहरूले नै सुशासनलाई बत्ती बालेर खोज्नुपर्ने अवस्थामा पुऱ्याएका छन् । यो आफैंमा खेदजनक कार्य हो । व्यक्तिगत लाभ, लोकप्रियता, रुचि, स्वार्थीपनलाई त्यागी राष्ट्र र जनताप्रति जिम्मेवार नबन्दासम्म सुशासन सम्भव छैन् । त्यसैले शासकहरू देश र जनताप्रति जिम्मेवार र उत्तरदायी बन्नुपर्छ । यसो भयो भने मात्र सुशासन कायम गर्न सकिन्छ । यसर्थ राजनीतिक दल, सरकारी निकाय सबैले आ–आफ्ना क्षेत्रबाट इमान्दारिताका साथ काम गर्न जरुरी छ ।

## Opinion @ Social Network

जिन्दगीमा हरेक साल,
बैशाखले सपना देखाउँछ, अनि चैत्रले वास्तविकता ।
*(कृष्ण अर्यालको फेसबुक स्टाटस https://www.facebook.com/krishna.aryal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ऊर्जा सुरक्षामा कस्तो छ नेपालको अवस्था ?



डा. मुकेशराज काफ्ले

ऊर्जा आधुनिक विश्वको आधारभूत आवश्यकता हो । आर्थिक वृद्धि, सामाजिक विकास र गरिबी निवारणका लागि ऊर्जा एक महत्वपूर्ण निवेशका रूपमा छ । बढ्दो जनसंख्या र आर्थिक वृद्धिसँगै ऊर्जाको माग पनि बढ्दै छ । विश्वमा ऊर्जाको ठूलो हिस्सा जीवाश्म इन्धनबाट प्राप्त भएको छ । जीवाश्म इन्धन हरित ग्यास उत्सर्जनको मुख्य स्रोत हो जसका कारण विश्वतापमान बढ्दै गएको छ । एक रिर्पोटले सन् २०४० मा विश्वमा ४३ अर्ब मेट्रिकटन कार्बनडाइअक्साइड उत्सर्जन हुने प्रक्षेपण गरेको छ । यो पृष्ठभूमिमा ऊर्जा सुरक्षा र वातावरण स्थिरताबीच सन्तुलन विश्वका विकसित, विकासोन्मुख र अल्पविकसित सबै देशका साझा समस्या र चुनौती भएका छन् । विश्व परिवेशमा दक्षिण एसिया द्रुत गतिमा विकास हुँदै गरेको क्षेत्र हो तर आर्थिक विकासमा पर्याप्त ऊर्जा उपलब्ध छैन । ऊर्जा सुरक्षाको हिसाबले दक्षिण एसियाको चासो र समस्या पाँच भागमा हेर्न सकिन्छ । एक, यो क्षेत्रका देशहरूले ऊर्जाको बढ्दो माग पूरा गर्न नसक्दा ऊर्जा संकटको सामना गर्नुपरेको छ । सन् २०३० सम्ममा भारत विश्वकै तेस्रो ठूलो पेट्रोलियम आयातकर्ता देश बन्ने प्रक्षेपण छ । दुई, विश्व जनसंख्याको ३७ प्रतिशत हिस्सा ओगटेका दक्षिण एसियाली बासिन्दामध्ये अधिकांशको स्वच्छ ऊर्जामा पर्याप्त पहुँच छैन । ग्रामीण क्षेत्रको जनसंख्याको ठूलो हिस्सामा गुणस्तरीय बिजुली नहुँदा अहिले पनि दाउरा र बायोमासमा निर्भर छ । तीन, यस क्षेत्रका सबै देशहरू अपर्याप्त आन्तरिक उत्पादन र अपर्याप्त स्रोतका कारण आयात ऊर्जामा निर्भर छन् । चार, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल र एलपी ग्यासको मूल्यमा हुने उतारचढावले भविष्यमा हुने आपूर्तिमा अनिश्चितता बढाएको छ ।

पाँच, चासो र समस्याका रूपमा भूराजनीतिक अवस्था र द्विपक्षीय विवाद छन् । यसले भविष्यमा ऊर्जाको सहज आपूर्ति र व्यापारमा संशय पैदा भएको छ । दक्षिण एसियामा भारत र पाकिस्तान आणविक शक्तिसम्पन्न छन्। यी दुई देशको विवाद र तिक्तता समग्र क्षेत्रीय स्थायित्व र विकासका निम्ति चुनौती बनेको छ । दक्षिण एसियामा ऊर्जा सुरक्षासँगै वातावरणीय स्थिरतामा ठूलो चुनौती छ। यो क्षेत्र जलवायु परिवर्तनका प्रतिकूल घटनाहरू तापक्रम वृद्धि, बाढी, सुख्खापन, समुद्र सतहको उचाइ वृद्धि, वर्षाको प्रवृत्तिमा परिवर्तन र घट्दो हिमनदी आवरणको इपिसेन्टरका रूपमा चित्रित हुने गरेको छ । यस अतिरिक्त दक्षिण एसिया विश्वकै वायुप्रदूषित क्षेत्र पनि हो । भारत र पाकिस्तान सबैभन्दा बढी वायुप्रदूषण भएका देश हुन् । अन्य वातावरणीय स्खलनमा घट्दो प्राकृतिक स्रोत, खाद्य असुरक्षा, स्वच्छ पानीको अभाव छन् । एसियाली विकास बैंकको एक प्रतिवेदनले एक्काइसौं शताब्दीको अन्त्यसम्ममा यो क्षेत्रको तापक्रम ६ डिग्री सेल्सियसले वृद्धि हुने प्रक्षेपण गरेको छ । यो निकै चिन्ताको विषय हो । विश्व जलवायु जोखिम सूचकांक २०१८ अनुसार दक्षिण एसियाका श्रीलंका, भारत, बंगलादेश र पाकिस्तान विश्वमा जलवायु जोखिमयुक्त देशमा सूचीकृत छन् र माथिल्लो १० स्थानभित्र छन् । विश्वको करिब ६ प्रतिशत ऊर्जा दक्षिण एसियामा खपत हुन्छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले सन् २०२० को दशकमा दक्षिण एसियामा ऊर्जाको माग दोब्बर हुने प्रक्षेपण गरेको छ । यो दशकमा विश्वमा ऊर्जाको माग ५५ प्रतिशतले वृद्धि हुँदा भारतमा १४० प्रतिशतले बढ्ने अनुमान छ । दक्षिण एसियामा कच्चा तेलको मागमा वार्षिक ६ प्रतिशतले वृद्धि भएको छ । भारतमा सबभन्दा बढी ५ हजार ७०० मिलियन ब्यारेल कच्चा तेलको भण्डारण छ । पाकिस्तान र श्रीलंकामा क्रमश: ३२४ र १५० मिलियन ब्यारेल कच्चा तेलको सञ्चित छ । प्राकृतिक ग्यास भारतमा ३९ ट्रिलियन क्युबिक फिट, पाकिस्तानमा ३३ ट्रिलियन क्युबिक फिट र अफगानिस्तानमा १५ ट्रिलियन क्युबिक फिट भण्डारण छ । दक्षिण एसियाली मुलुकहरूमध्ये नेपाल, भुटान र माल्दिभ्समा हालसम्म कच्चा तेल र प्राकृतिक ग्यास भण्डारण फेला परेको छैन । दक्षिण एसियामा ऊर्जाको अर्को ठूलो स्रोत कोइला हो । कोइला भारतमा करिब ९० हजार मिलियन टन, पाकिस्तानमा १७ हजार मिलियन टन, बंगलादेशमा ९०० मिलियन टन र अफगानिस्तानमा ४ सय मिलियन टन सञ्चित छ । भुटानमा दुई मिलियन टन कोइला भण्डारण छ । नेपाल, श्रीलंका र माल्दिभ्समा हालसम्म कोइला भण्डार फेला परेको छैन । तेस्रो महत्वपूर्ण स्रोत जलविद्युत हो । यो क्षेत्रको कुल जलविद्युत क्षमता ३ लाख १२ हजार मेगावाटमध्ये सबभन्दा बढी भारतसँग १ लाख ५० हजार मेगावाट छ । त्यसपछि पाकिस्तान, नेपाल, भुटान र अफगानिस्तानमा क्रमश: ६० हजार, ४२ हजार, ३० हजार र २३ हजार मेगावाट जलविद्युत क्षमता छ । श्रीलंका र बंगलादेशमा जलविद्युत क्षमता क्रमश: २ हजार र ३३० मेगावाट मात्र छ । माल्दिभ्स जलविद्युत क्षमताविहीन देशमा सूचीकृत छ । यस अतिरिक्त दक्षिण एसियामा २२३ मिलियन टन बायोमास भण्डारण रहेको तथ्यांक छ । दक्षिण एसियामा बिजुली उत्पादन र आपूर्तिमा पाकिस्तान र श्रीलंकाबाहेक अन्य देशमा ५० प्रतिशतभन्दा बढी बिजुली एउटै स्रोतबाट प्राप्त भएको देखिन्छ । सन् २०२२ को तथ्यांकअनुसार भारतको ७५ प्रतिशत बिजुली कोइलामा र बंगलादेशको ६२ प्रतिशत बिजुली प्राकृतिक ग्यासमा निर्भर छ । नेपाल र भुटानमा ९९ प्रतिशतभन्दा बढी जलविद्युत छ । माल्दिभ्समा शतप्रतिशत बिजुली फर्नेस आयलबाट प्राप्त हुन्छ । पाकिस्तान, अफगानिस्तान र श्रीलंकाको विद्युत प्रणाली सन्तुलित मिश्रित ऊर्जामा आधारित छ । ऊर्जा सुरक्षासँग जोडिएको अर्को महत्वपूर्ण पक्ष वातावरण हो । दक्षिण एसियामा वातावरणीय जोखिम निकै ठूलो छ । विश्वको करिब ४ प्रतिशत जमिन ओगट्ने यो क्षेत्रमा ३७ प्रतिशत जनसंख्याको बसोबास छ । बढ्दो वातावरणीय समस्याले यो क्षेत्रको जनजीवनमा असर परेको छ । हिन्दकुश हिमालय क्षेत्रमा हिउँ पग्लने बढ्दो क्रमले यो क्षेत्रका नदीहरूमा सुख्खायाममा पानीको वहाव घट्न थालेको छ । वर्षायाममा हुने अतिवृष्टि र बाढीपहिरोका कारण हुने क्षति अर्को समस्या बनेको छ । अनावृष्टि, सुख्खापन र बढ्दो तापक्रमले कृषि उत्पादनमा गम्भीर नकारात्मक असर परेको छ । एक प्रतिवेदनअनुसार जलवायु परिवर्तनका कारण समुद्र सतहको उचाइ बढेर आगामी ३५ वर्षभित्र बंगलादेश र माल्दिभ्सको २० प्रतिशत भूभाग डुब्नेछ । त्यसबाट तटीय क्षेत्रका एक करोड ८० लाख मानिस विस्थापित हुने प्रक्षेपण छ । समग्रमा जलवायु परिवर्तनले दक्षिण एसियाली मुलुकहरू बाढी, पहिरो, डुबान, चक्रवात, हिमपहिरो, अतिवृष्टि, अनावृष्टि, सुख्खापन, डढेलो, सुनामी, महामारी, अत्यधिक चिसो र अत्यधिक गर्मी जस्ता वातावरणीय प्रतिकूलताबाट प्रभावित छन् । परम्परागत रूपमा आर्थिक आयामसँग जोडेर मात्र ऊर्जा सुरक्षाको व्याख्या गरिन्थ्यो। आधुनिक विश्वमा मुख्यत: ऊर्जा परनिर्भरता, उपलब्धता, उत्पादन विविधता, पहुँच, मूल्य, अन्तर्राष्ट्रिय सम्बन्ध र वातावरणीय संरक्षणका आयाम र सूचक समेत समावेश गरेर ऊर्जा सुरक्षाको व्याख्या हुन थालेको छ । ऊर्जा सुरक्षाको पहिलो सूचक प्रतिव्यक्ति ऊर्जा खपत हो । ऊर्जा खपत गर्ने क्षमताले जनताको जीवनस्तर र आर्थिक समृद्धि प्रतिविम्बित गर्छ । यो सूचक देशको कुल ऊर्जा खपत र जनसंख्याको अनुपातमा आधारित छ । यो सूचकको आधारमा माल्दिभ्स र भुटान अग्रस्थानमा छन् । एक तथ्यांकअनुसार सन् २०२२ मा माल्दिभ्सको तुलनामा भारतमा प्रतिव्यक्ति ऊर्जा खपत ५० प्रतिशत कम थियो । भारतमा प्रतिव्यक्ति ऊर्जा खपत ४ प्रतिशतले बढ्दै गएको छ । यो वृद्धिदर माल्दिभ्सको भन्दा दोब्बर हो । यी तीन देशपछि क्रमश: पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तान छन् । नेपाल सबैभन्दा अन्तिममा छ । दोस्रो सूचक ऊर्जा परनिर्भरता हो । सन् २०२२ को तथ्यांकअनुसार माल्दिभ्सको ऊर्जा आपूर्ति पूर्णत: आयातीत कच्चा तेलमा निर्भर छ। अफगानिस्तान, श्रीलंका र नेपालको ऊर्जा प्रणाली पनि आयातमै निर्भर छ । सन् २०२२ मा यी देशहरूले कुल ऊर्जा खपतको क्रमश: ८८ प्रतिशत, ८१ प्रतिशत र ७३ प्रतिशत आयात गरेका थिए । नेपालको वार्षिक ऊर्जा आयात दर १.३० प्रतिशतले बढ्दै गएको छ । सोही आधार वर्षमा भारत, पाकिस्तान र बंगलादेशले कुल ऊर्जा खपतको क्रमश: ४४ प्रतिशत, ३६ प्रतिशत र २१ प्रतिशत आयात गरेका थिए। दक्षिण एसियामा अन्य देशले ऊर्जा आयात बढाउँदै गर्दा श्रीलंका र बंगलादेशले घटाउँदै लगेका छन् । तेस्रो सूचक ऊर्जा मिश्रण र विविधता हो । दक्षिण एसियामा ऊर्जा मिश्रण र विविधतामा उत्कृष्टताका हिसाबले पाकिस्तान र भारत क्रमश: पहिलो र दोस्रो स्थानमा छन् । नेपाल तेस्रो स्थानमा छ । त्यसपछि क्रमश: अफगानिस्तान, श्रीलंका, भुटान, बंगलादेश र माल्दिभ्स छन् । ऊर्जा सुक्षाको चौथो सूचक प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ‘जिडिपी’हो । सन् २०२२ को तथ्यांकअनुसार दक्षिण एसियामा प्रतिव्यक्ति जिडिपी करिब १२ हजार डलरसहित माल्दिभ्स पहिलो स्थानमा छ । भुटान ३ हजार ५०० डलरसहित दोस्रो र ३ हजार ४०० सय डलरसहित श्रीलंका तेस्रो स्थानमा छन् । भारत २ हजार ७०० डलरसहित चौथो र २ हजार ४०० डलरसहित बंगलादेश पाँचौं स्थानमा छन् । पाकिस्तान १ हजार ६०० डलरसहित छैटौं र १ हजार ४०० डलर प्रतिव्यक्ति जिडिपीसहित नेपाल सातौं स्थानमा छ । अफगानिस्तान ३५० डलरसहित पुछारमा छ । पाँचौं सूचक विद्युतीयकरण हो । पछिल्लो तथ्यांकअनुसार श्रीलंका, माल्दिभ्स र भुटानमा शतप्रतिशत विद्युतीकरण भएको छ । बंगलादेश र भारतमा ९९ प्रतिशत छ । अफगानिस्तानमा ९८ प्रतिशत र पाकिस्तानमा ९६ प्रतिशत विद्युतीकरण भएको छ । नेपाल ९५ प्रतिशत विद्युतीकरणसहित दक्षिण एसियामा अन्तिममा छ । छैटौं सूचक ऊर्जा तीव्रता हो । यो सूचकले गार्हस्थ्य उत्पादनमा ऊर्जा दक्षता प्रतिविम्बित गर्छ । ऊर्जा तीव्रताको भार बढी हुँदा त्यसले कम ऊर्जा दक्षता देखाउँछ । दक्षिण एसियामा उच्च ऊर्जा तीव्रता भएका देश नेपाल र भुटान हुन् । सन् २०२२ को तथ्यांकअनुसार नेपाल र भुटानको ऊर्जा तीव्रताको भार क्रमश: ६ र ९ छ । भारत र पाकिस्तानमा ऊर्जा तीव्रताको भार ४ छ भने अफगानिस्तान र माल्दिभ्सको ३ छ । दक्षिण एसियामा श्रीलंका न्यून ऊर्जा तीव्रता भएको मुलुक हो । सातौं सूचक ऊर्जा उत्पादनमा नवीकरणीय ऊर्जाको अनुपात हो । सन् २०२२ को तथ्यांकअनुसार समग्र आन्तरिक ऊर्जा प्रणालीमा ९ प्रतिशत नवीकरणीय ऊर्जाको अनुपातसहित श्रीलंका पहिलो स्थानमा छ । भारतमा ७ प्रतिशत, पाकिस्तान र अफगानिस्तानमा १ प्रतिशत अनुपात छ । नेपालसहित अन्य ४ देशमा कुल ऊर्जा उत्पादनमा नवीकरणीय ऊर्जाको योगदान नगन्य छ । वातावरणीय स्थिरतासँग सम्बन्धित सूचक पनि छन् । कार्बन डाइअक्साइडको तीव्रता, प्रतिव्यक्ति उत्सर्जन, विद्युत उत्पादनबाट हुने हरित ग्यास उत्सर्जन, वनजंगलको घनत्व ऊर्जा सुरक्षाका महत्वपूर्ण मानक हुन् । यी सबै सूचक र मानकका आधारमा दक्षिण एसियाली मुलुकहरूको ऊर्जा सुरक्षा र वातावरणीय स्थिरताको विश्लेषण गर्दा भुटान पहिलो नम्बरमा पर्छ। भुटान ऊर्जा सुरक्षा र वातावरणीय स्थिरतामा दक्षिण एसियामा उत्कृष्ट छ । भारत दोस्रो र श्रीलंका तेस्रो स्थानमा छन् । पाकिस्तान चौथोमा र नेपाल पाँचौंमा छन् । त्यसपछि क्रमश: बंगलादेश र अफगानिस्तान छन् । ऊर्जा सुरक्षा र वातावरणीय स्थिरताका मानकका आधारमा दक्षिण एसियामा माल्दिभ्स सबैभन्दा अन्तिममा छ । ऊर्जा सुरक्षा र वातावरणीय स्थिरता आर्थिक विकासको एउटा महत्वपूर्ण अवयव हो । यस पक्षमा नेपाल कमजोर देखिएको छ । यसमा सुदृढ हुन तदनुकूल नीति र कार्यक्रम तय गर्नुपर्छ । आन्तरिक रूपमा ऊर्जाका वैकल्पिक स्रोतहरू पहिचान गरी आत्मनिर्भरता बढाउनुपछ । प्रतिव्यक्ति ऊर्जा खपत वृद्धि गर्न कम्तीमा मध्यमस्तरको आर्थिक वृद्धि आवश्यक हुन्छ । ऊर्जा मिश्रण र विविधतामा ध्यान केन्द्रित गरी जलाशययुक्त जलविद्युत आयोजना निर्माण र नवीकरणीय ऊर्जा उत्पादन प्रोत्साहित गर्नुपर्छ । विद्युतीकरण यथाशीघ्र पूरा गर्नुपर्छ । ऊर्जा तीव्रता घटाउँदै जाने नीति अवलम्बन गर्नुपर्छ । यस्ता प्रयासबाट दिगो ऊर्जा सुरक्षा र वातावरणीय स्थिरता कायम गर्न मद्दत पुग्छ र भविष्यमा ऊर्जा संकट सामना सकिन्छ । यसबाट आर्थिक समृद्धिमा ठूलो टेवा पुग्नेछ ।

**-सेतोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज बाहिरी खानपान तथा मनोरञ्जनमा समयको ख्याल गर्नुपर्नेछ । | **तुला** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । मित्रबाट विशेष सहयोग पाइनेछ । |
| **वृष** : अचल सम्पत्ति हात पर्ला । धार्मिक यात्राको योग छ । | **वृश्चिक** : आज अध्ययनमा रुचि जाग्नुका साथै यात्राका योग पनि देखिन्छन् । |
| **मिथुन** : सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै बढी लाभ हुनेछ । | **धनु** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कर्कट** : महत्वाकाङ्क्षी योजना गोप्य राखेर अघि बढ्नु राम्रो होला । | **मकर** : अधुरो काम पूरा हुनेछ । व्यवसायका लागि यात्राको सम्भावना छ । |
| **सिंह** : आज मन खिन्न हुने स्थिति आउने छ । नयाँ कमको थालनी हुनेछ | **कुम्भ** : आतिथ्यपूर्ण सम्मान पाइएला । मित्रताको बन्धन कसिने बेला छ । |
| **कन्या** : यात्रा कष्टकर हुनसक्छ सचेत रहनु पर्छ, तर आफन्तसँग भेटघाट हुनेछ । | **मीन** : काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।नयाँ काममा ध्यान जानेछ । |

# कृषि

## झ्याङगाउँका बासिन्दा लसुनबाटै आत्मनिर्भर

रुकुम पश्चिमको सदरमुकाम खलङ्गाबाट केही टाढाको दूरीमा छ मुसीकोट नगरपालिका-१० को झ्याङगाउँ । सडक सञ्जालबाट यो गाउँ अझै जोडिन सकेको छैन । यहाँका स्थानीय सडकको पर्खाइमा छन् । गाउँमै सडक नपुगे पनि केही तल खोलामा भने सडक पुगेको छ । अन्य समयमा सडकको त्यति धेरै महत्व नभए पनि जब गाउँमा उत्पादन भएको कृषिजन्य वस्तु बजार पुऱ्याउने समय आउँछ त्यो बेला भने किसानलाई सडक आवश्यकता महसुस धेरै हुने गरेको छ । सडकको समस्या भए पनि गाउँमा उत्पादन भएको कृषिजन्य बस्तु बिक्री गर्न भने बजारको समस्या छैन । यो गाउँमा अन्य कृषिजन्य वस्तुभन्दा पनि लसुन खेती राम्रो उत्पादन हुने गरेको छ । झ्याङ गाउँमा पछिल्लो केही वर्षयता लसुन खेतीतर्फ किसानको आकर्षण बढेको छ । सिङ्गो झ्याङ गाउँका बासिन्दाले लुसुन खेती गरिरहेका छन् । बाइस परिवार रहेको यो गाउँमा सबैले लसुन खेती गरिरहेका छन् । लसुन खेतीले यहाँका स्थानीयको आर्थिक अवस्थामा समेत सुधार ल्याएको छ । गाउँमा पहिलो पटक २०६२/६३ सालदेखि लसुन खेती सुरु गर्नभएका स्थानीय ७१ वर्षीय झुपलाल खड्काले लसुन खेतीबाट पर्याप्त आम्दानी हुने गरेको बताए । 'गाउँमा पहिलो पटक लसुन खेती गर्ने कुषक म नै हुँ, पछिल्लो सयम लसुन राम्रो उत्पादन हुने र आम्दानी पनि राम्रै हुने भएकाले गाउँका सबै किसान लसुन खेतीमा लाग्नुभएको छ,' खड्काले भने । गहुँबाट भन्दा लसुनबाट राम्रो आम्दानी हुने भएकाले लसुन खेतीलाई जोड दिएको उनी बताउँछन् । 'गहुँबाट ६ महिनासम्म राम्रोसँग खान नपुग्ने अवस्था हुन्थ्यो, अहिले लसुनबाट वार्षिक रु एक लाखदेखि रु एक लाख ५० हजारसम्म कमाई हुन्छ, अन्य घरखर्च पनि व्यवस्थापन गर्न सहज भएको छ ।' गत वर्ष १४ क्विन्टल लसुन बिक्रीबाट रु एक लाख १० हजार आम्दानी भएको खड्काले बताए । एक दशकअघिको कुरा स्मरण गर्दै खड्काले भने, 'पहिले डोकामा बोकेर चार घण्टा हिँडेर सदरमुकाम खलङ्गा पुगेर लसुन बिक्री गरेको हुँ, अहिले त गाउँ नजिकै सडक पुगेको छ । त्यही लगेर गाडीमा सजिलै बजार पुऱ्याउन सकिन्छ । धैरै कुरामा सहज भएको छ ।' लसुनबाट मनग्य आम्दानी हुने भएकाले गहुँ लगाएको बारीमा आगामी वर्षदेखि लसुन खेती गर्ने सोच उहाँको छ । स्थानीय ६१ वर्षीय कर्णबहादुर खड्का पनि यतिबेला लसुनले फल लगाउने 'गाना' समय भएकाले लसुन खेतीको रेखदेख तथा गोडमेलनमा व्यस्त हुनुन्छ । घर नजिकैको केही जग्गामा गहुँ खेती गरे पनि धेरै जग्गामा लसुन खेती गरेका छन् । गत वर्षको भन्दा यसपटक अलि धेरै लसुन खेती गरेको खड्काले बताए । विंस २०६८ देखि व्यावसायिक लसुन खेतीमा लाग्नुभएका खड्का लसुन खेतीबाट सन्तुष्ट छन् । 'गहुँ खेती भन्दा लसुन खेतीलाई जोड दिएको छु, गहुँ खेतीबाट परिवारको खर्च व्यवस्थानप गर्न समस्या हुन्थ्यो, व्यावसायिक लसुन खेती गर्न थाले पनि आर्थिक रुपमा सहज भएको छ,' उनले भने । 'पहिले बजारको समस्या हुँदा व्यावसायिक रुपमा खेती गर्न सकिएको थिएन, अहिले त जति उत्पादन भए पनि लसुन खरिद गर्न ठेकेदार किसानकै बारीमा आउने गरेका छन्, यसले गर्दा पनि हामीलाई व्यावसायिक रुपमा लसुन खेती गर्न थप हौसला मिलेको छ', खड्काले भने । उनले गत वर्ष लसुन बिक्रीबाट बीउ बाहेक रु ८३ हजार आम्दानी गरेको सुनाए । खड्काहरुको बसोबास रहेको यो गाउँमा पछिल्लो सयम लसुन खेतीप्रतिको आकर्षण बढ्दै गएको छ । उत्पादन र आम्दानी दुवै राम्रो पाउने भएपछि लसुन खेतीमा आकर्षण बढ्दै गएको स्थानीय समेत रहनुभएका मालिका मावि चुनका शिक्षक गोपाल खड्काले बताए । उनी पनि शिक्षक पेसासँगसँगै साँझ बिहानको समयम लसुन खेती गर्दै आएका छन् । शिक्षण पेसामा २५ वर्ष खर्चिएका खड्का कृषि पेसालाई पनि सगँसँगै अँगाल्दै आएका छन । लसुनबाट मनग्य आम्दानी देखेपछि २०६८ सालदेखि व्यावसायिक लसुन खेती गर्न सुरु गरेको उनले बताए । 'बारीमा अहिले एक सय २० किलो लसुन लगाएको छु, गत वर्ष बीउबाहेक रु ९० हजार आम्दानी भयो, यो वर्ष लसुनबट राम्रै आम्दानी हुने विश्वास छ । वडामा उत्पादन भएको लसुन बिक्रीमा समस्या छैन्, कृषकले उत्पादन गरेको लसुन बारीमै पुगेर व्यापारीले कृषकसँगै मूल्य निर्धारण गरेर खरिद गर्ने गरेका छन्,' शिक्षक खड्काले भने । प्रचारप्रसार, अनुदानमा बीउ वितरण, बजार व्यस्थापनको सहजीकरण वडाले गरेको छ । लसुन उत्पादन गर्ने किसानलाई प्राविधिक ज्ञान पर्याप्त नभएकाले प्राविधिक ज्ञानको आवश्यक रहेको शिक्षक खड्काले बताए । कुन बेला गोडमेल गर्ने, कुन औषधि प्रयोग गर्ने, बीउ कसरी लगाउने, प्राङ्गारिक मल व्यवस्थापनलगायत विषयमा प्राविधिकले किसानको खेतबारीमै पुगेर सिकाउन आवश्यक रहेको उनको भनाइ छ ।

लसुन खेतीलाई व्यवस्थित गर्न वडाको प्रयास वडामा लसुन खेतीलाई व्यवस्थित गर्न वडा कार्यालय योजना बनाएर अगाडि बढेको वडाअध्यक्ष धनबहादुर खड्काले बताए । उनका अनुसार किसानले उत्पादन गरेको कृषिजन्य वस्तु मूल्य नपाएर त्यतिकै खेर जाले अवस्था आउन नदिन वडाले उत्पादनसँगै बजार व्यवस्थापनलाई पहिलो प्राथमिकता राखेको छ । कृषकलाई प्रोत्साहन गर्न अनुदानमा बीउ वितरण, राम्रो उत्पादन गर्ने किसानलाई सम्मान तथा पुरस्कृत समेत गर्दै आएको छ । वडामा उत्पादन भएको कृषिजन्य बस्तु व्यापारीसँग वडाले समन्वय गरेर सल्यान, दाङ, काठमाडौंसम्म पठाउने गरेको छ । झ्याङगाउँमा प्रत्येक कृषकले एक क्विन्टलदेखि माथि लसुन खेती गरिरहेका छन् । झ्याङगाउँमा लसुन खेतीलाई थप व्यवस्थित गर्न आउँदो वर्षदेखि अन्यबाली लगाएका ठाउँमा पनि लसुन खती गर्ने योजना वडाले बनाएको छ । झ्याङ गाउँमा पूरै जग्गामा लसुन खेती गर्न करिब दुई सय ५० क्विन्टल बीउ लाग्ने अनुमान गरिएको छ । अहिले झ्याङगाउँबाट वार्षिक दुई सय ५० क्विन्टल लसुन जिल्लाबाहिर जाने गरेको छ । बजार व्यवस्थापनको सहजीकरण वडाले गरिदिएकाले उत्पादन भएको कृषिजन्य वस्तु बिक्री गर्न कुनै समस्या नरहेको वडाध्यक्ष खड्काले बताए । गाउँ नजिकै सडक पुगे पनि किसानको सजहताका लागि भूगोल अध्ययन गरेर गाउँमै सडक सञ्जाल पुऱ्याउने वडाको योजना छ । गाउँमै सडक जोडिएमा भने उत्पादन भएका कृषिजन्य वस्तुलाई बोकेर खोलासम्म पुऱ्याउने समस्या हुने छैन । वडाका किसानलाई व्यावसायिक रूपमा लसुन खेतीमा आकर्षित गर्न तथा आर्थिक रूपमा वडालााई सम्पन्न बनाउन वडाले २०७५ सालमा पहिलो पटक अनुदानमा ४१ क्विन्टल लसुन वितरण गरेको थियो । त्यसयता वडामा व्यावसायिक रूपमा किसानले लसुन खेती गर्न थालेका छन् । झ्याङ गाउँ रहेको वडाका तीन सय ६० किसानले लसुन खेती गर्ने गरेको वडाअध्यक्ष खड्काले जानकारी दिए । चालू आर्थिक वर्ष २०८०/८१ मा वडाले दुई सय ४५ परिवारलाई २० किलोका दरले ५० प्रतिशत अनुदानमा ४८ क्विन्टल लसुन वितरण गरेको थियो । गत वर्ष सो वडाबाट पाँच सय क्विन्टल लसुन जिल्लाबाहिर बिक्रीका लागि पठाइएको थियो । उक्त लसुनबाट वडामा रु ५० लाख भित्रिएको छ । लसुन खेतीको सुरुआत भएको झ्याङगाउँमा रु १० लाख खर्चेर गाउँको बीच भागमा लसुनको प्रतिमा सहितको 'लसुन उद्यान' निर्माण गरिएको वडा अध्यक्ष खड्काले बताए । गाउँमा लसुन उत्पादन भएर जिल्लाबाहिर जाने भएपछि जिल्ला बाहिरबाट बीउको माग बढेको छ । चालू आर्थिक वर्षमा वडालाई लसुन पकेट क्षेत्र घोषणा गरिएको छ । प्राङ्गारिक मल प्रयोग गरेर अर्ग्यानिक उत्पादन गर्ने र वडालाई अर्ग्यानिक उत्पादनका रुपमा घोषणा गर्ने वडाको लक्ष्य छ । वडामा लसुन खेतीसँगै सुन्तता खेतीको पनि राम्रो सम्भावना रहेकाले वडालाई आर्थिक रुपमा सम्पन्न बनाउन वडामा उत्पादन हुने कृषिजन्य वस्तुलाई पहिलो प्राथमिकतामा राखेर व्यावसायिकीकरणमा जोड दिइएको वडा अध्यक्ष खड्काले बताए ।-**रासस**



## स्ट्रबेरी खेतीबाट आम्दानी लिँदै सुदीप

नवलपरासी 'बर्दघाट सुस्तापूर्व' कावासोती नगरपालिका-७ का सुदीप दवाडीले तीन वर्षदेखि स्ट्रबेरीखेतीबाट राम्रो आम्दानी लिइरहेका छन् । जिल्लामै पहिलो पटक व्यावसायिक स्ट्रबेरीखेती सुरु गर्नुभएका दवाडीले वार्षिक छ लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् ।

पहिलो वर्ष दुई लाख लगानीमा सुरु गरेको स्ट्रबेरीखेतीले राम्रो आम्दानी दिन थालेको उनले बताए । 'यो सिजनमा छ क्विन्टल बढी स्ट्रबेरी स्थानीय बजारमा बिक्री गरिसकेको छु', उनले भन्ने, 'प्रतिकिलो छ सयका दरले बारीबाट बिक्री भएको छ, अझै बिक्रीका लागि तयार हुँदैछन् ।' तराईमा स्ट्रबेरी खेती हुन्छ र यसबाट आम्दानी गर्न सकिन्छ भन्ने धेरैलाई थाहा छैन । दवाडीले तराई भूभागमै स्ट्रबेरी खेती गरेर आम्दानी लिइरहेका छन् । उनले रोपेको बिरुवामा अहिले स्ट्रबेरी लटरम्म फलेका छन् । 'प्लास्टिक टनेलमा मल्चिङ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा पुऱ्याउन थोपा सिँचाइको व्यवस्था गरिएको छ', उनले भन्ने, 'स्थानीय बजारसँगै बाह्य क्षेत्रबाट समेत माग आउँन थालेको छ, बारीमै आइ टिपेर लैजाने ग्राहक प्रशस्त आउने गरेका छन् ।' दवाडीले दुई कट्ठा क्षेत्रफलमा स्ट्रबेरी लगाएका छन् । हालसम्म तीन लाख बढी आम्दानी गरिसकेको र अझै स्ट्रबेरी बिक्री गर्न बाँकी रहेकाले आम्दानी बढ्ने दवाडीको अनुमान छ । 'इन्टरनेटका माध्यमबाट खेती गर्ने तरिका सिक्यौँ, कृषि विज्ञको सल्लाह लिएर प्लास्टिक टनेलमा चितवनबाट पहिलो वर्ष आठ सय स्ट्रबेरीका बोट ल्याई रोपेका हौँ', उनले भन्ने, 'यसरी फस्टाउने कल्पना नै गरेका थिएनौँ अहिले दुई हजारभन्दा बढी स्ट्रबेरीका बिरुवा लगाएका छौँ ।' एउटै बोटमा एक किलोसम्म स्ट्रबेरी फल्ने गरेको छ । आफ्नो घरपरिवारसँगै एक जनालाई रोजगार दिएको दवाडी बताउन्छन् । स्ट्रबेरीका नयाँ बिरुवा तयार गरी नर्सरी समेत बनाइएको छ । उत्पादन भएको सबै फल बिक्री नभएमा प्रशोधन गरी जाम, रस, आइसक्रिम, मिल्क सेक बनाइ बजारमा बेच्न मिल्ने भएकाले जोखिम कम रहेको उनले बताए । उनले भाडामै दुई बिघा जग्गा लिएर स्ट्रबेरी, खरबुजा, ड्रागन फल, कागती, बयर, सितलचिनी खेती गरेका छन् । ठाउँ र जात अनुसार स्ट्रबेरीका बिरुवा हुर्कनसक्ने कृषि ज्ञानकेन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए । 'फूल फूलेको करिब ३० देखि ४५ दिन भित्र फलको विकास हुन्छ र त्यसको १५ देखि २० दिनपछि फल टिप्न लायक हुन्छ', उनले भन्नु, 'हिउँदमा फस्टाउने स्ट्रबेरीको वृद्धि विकासका लागि दिनमा २२ देखि २५ डिग्री सेल्सियस र रातमा ७ देखि १३ डिग्री सेल्सियस तापक्रम सबैभन्दा राम्रो मानिन्छ ।'
**-रासस**



## धेरै फल्ने चैते धान रोप्न किन छोड्दैछन् किसान

किसानहरूलाई थाहा छ, वर्खे धानको तुलनामा चैते धानको उत्पादन बढी हुन्छ । तै पनि बर्खे धानको तुलनामा चैते धानको खेती साह्रै कम छ । सिँचाइको सुविधा पुगेको खेतमा हिउँदे बाली उठाएर चैते धान रोप्न सकिन्छ तर किसानहरूले चैते धानको खेती झन्झटिलो मान्ने गरेको प्राविधिकहरूको अनुभव छ । एक-दुई वर्ष मकै खेती छोडेर चैते धान रोपेका रूपन्देहीका केही किसान फेरि मकै खेतीमै फर्केका छन् । देवदहका टंक पराजुलीले गत वर्ष दुई बिघा खेतमा चैते धान रोपेका थिए । यसमध्ये एक बिघा उनको आफ्नै खेत थियो, अर्को एक बिघा लिजमा लिएका थिए । उनले ८० क्विन्टल धान उत्पादन गरेका थिए । यस वर्ष चैते धान रोपेनन्, मकै छरे । उनले धान नरोप्नुको मुख्य कारण स्याहार्ने बेलाको झन्झट नै हो । 'बर्खे धानभन्दा त चैते धान राम्रो फल्छ तर स्याहार्ने बेलामा दुःख भयो,' टंकले भने, 'खेतमा धान पाकेर काट्ने बेला भएपछि पानी पर्न सुरू भयो । काटेको धान भिजेर खेतमै नष्ट भयो ।' काटेको धान भिजेपछि चामल टुक्रा हुने समस्या भएको उनले बताए । उनले भने, 'केही धान खेतमै उम्रिए पनि दुई बिघाबाट ८० क्विन्टल धान भित्र्याएका थियौं तर धान कुट्दा चामल टुक्रा भयो ।' उनले गत वर्ष चितवनबाट बिउ लगेर चैते धान रोपेका थिए । यस वर्ष कृषि ज्ञान केन्द्रले अनुदानमा बिउ दिए पनि उनले धान रोपेनन् । टंकका भाइ तिलकले दुई वर्षअघि खेतमा लगाएको मकैमा दाना लागेन। अर्को वर्ष परीक्षणका रूपमा चैते धान रोपे। खेतमा पानी तान्ने बोरिङ मेसिन थियो, सिँचाइको समस्या भएन । राम्रो हेरचाह गरे । धान पनि निकै राम्रो फलेको थियो तर दिउँसो काटेको धान उठाउन नभ्याउँदै राती पर्न थालेको पानीले १० कठ्ठा खेत डुबाइदियो । यस वर्ष उनले त्यस्तो जोखिम लिने आँट गरेनन्, बरू मकै नै लगाए । 'परीक्षण गरेर हेर्छु भन्ने ठानेर चितवनबाट बिउ ल्याएर चैते धान रोपेका थियौं । बाला राम्रो लागेको थियो । काटेकै दिन पानी परेर सबै डुबायो,' उनले भने, 'एक वर्ष मकैको दान लागेन, अर्को वर्ष काटेको धान उठाउन पाइएन ।' एक वर्ष दान नलागे पनि यसपालि मकै खेतीमै फर्केको उनले बताए । उनका अनुसार मकैका दाना नलाग्ने घटना एक वर्ष मात्रै भएको हो, धान त फेरि पनि नाश हुन सक्छ । कृषि प्राविधिकका अनुसार बर्खे धानको तुलनामा चैते धानले सूर्यको ताप र प्रकाश पर्याप्त पाउँछ । गोडमेल, मल र सिँचाइ राम्रो हुँदा वर्खे धानको तुलनामा २० प्रतिशतसम्म बढी उत्पादन हुन्छ । बढी उत्पादन हुने भए पनि झरीको समयमा थन्क्याउनु पर्ने हुँदा निकै झन्झटिलो भएको र कहिलेकाहीँ थन्क्याउनै नपाएको किसानहरूको गुनासो छ । जिल्लामा धान उत्पादन बढाउने उद्देश्यले तत्कालीन 'जिल्ला कृषि विकास कार्यालय, रूपन्देही' ले २०७२ सालमा किसानहरू माझ चैते धान रोप्ने अभियान सुरू गरेको थियो । किसानलाई प्रेरित गर्न मल र विउ अनुदानमा दिने र प्रविधिमा सहयोग गर्ने कार्यक्रम ल्याएको थियो । जिल्ला कृषि विकास कार्यालयले चैते धान खेतीमा कृषक र कृषक समूहलाई प्रोत्साहित गर्न प्रतिहेक्टर पाँच हजार रुपैयाँ नगद अनुदान दिएको थियो । उपकरणमा पनि केही अनुदान दिएको थियो । बिउ, सिँचाइका लागि बोरिङ, हाते ट्र्याक्टर, गोडमेल गर्ने मेसिन, धान काट्ने मेसिन लगायतमा अनुदान पाएपछि किसानहरू समूहमा र व्यक्तिगत रूपमा चैते धान खेतीमा लाग्न थालेका थिए । उक्त कार्यालयका अनुसार २०७२ सालमा रूपन्देहीमा ४५ हेक्टर क्षेत्रफलमा चैते धानको खेती भएको थियो। त्यस वर्ष राम्रो उत्पादन भएपछि २०७३ सालमा क्षेत्रफल बढेर ७५ हेक्टर भयो । २०७२ सालमा अभियान सुरू गर्दा जिल्ला कृषि विकास कार्यालयले रूपन्देहीमा चैते धान खेतीको क्षेत्रफल दस वर्षमा एक हजार हेक्टर पुऱ्याउने लक्ष्य लिएको थियो । लक्ष्यअनुसार खेती विस्तार भएन । अभियान सुरु गरेको नवौं वर्ष, २०८० मा कुल ५४ हेक्टर क्षेत्रफलमा मात्रै चैते धान रोपिएको कृषि ज्ञान केन्द्र, रुपन्देहीले जनाएको छ । गत वर्ष ६० हेक्टरमा रोपिएको थियो । केन्द्रका सूचना अधिकारी राजेन्द्र यादवका अनुसार यस वर्ष पनि किसानलाई बिउमा अनुदान उपलब्ध गराइएको थियो । बिउ, सिँचाइ, उपकरण लगायतमा अनुदान हुँदा पनि कृषकहरू चैते धान रोप्न उत्साहित भएनन् । रुपन्देहीमा किसानलाई प्रोत्साहनका लागि कृषि ज्ञान केन्द्रले नै पनि तीन हेक्टर क्षेत्रफलमा चैते धान रोप्ने गरेको छ । सूचना अधिकारी यादव स्थानीय तहले भौतिक पूर्वाधारमा बढी बजेट विनियोजन गर्ने गरेकाले कृषि क्षेत्र ओझेलमा परेको बताउँछन् । 'स्थानीय तहहरूले कृषिलाई प्राथमिकता नदिएको जस्तो लाग्छ,' उनी भन्छन्, 'काम गर्ने जनशक्ति पनि अभाव छ । युवा जनशक्ति विदेश पलायन हुँदा समग्र खेती नै घट्दै गएको छ ।' कृषि विकास निर्देशनालय, लुम्बिनीका सूचना अधिकारी डिल्लीराज पौडेलका अनुसार बाह्रै महिना सिँचाइको सुविधा हुने तराईका जिल्लामै चैते धान लगाउने क्रम घटेको छ । लुम्बिनी प्रदेशका सबै जिल्लाबाट प्रष्ट तथ्यांक आउन बाँकी रहे पनि प्रदेशभरिमा यस वर्ष बढीमा तीन हजार २०० हेक्टर क्षेत्रफलमा चैते धान रोपिएको अनुमान छ । सबभन्दा बढी चैते धान खेती बर्दियामा हुने गरेको छ जहाँ यस वर्ष एक हजार ५०० हेक्टर क्षेत्रफलमा रोपिएको छ । पहाडी जिल्लाहरूमध्ये पाल्पामा ६ सय हेक्टर, गुल्मीमा तीन सय हेक्टर र प्यूठानमा करिब ७० हेक्टर क्षेत्रफलमा चैते धान रोपिएको छ । यी जिल्लामा कृषि ज्ञान केन्द्रमार्फत बिउ र प्रविधिमा अनुदानको कार्यक्रम छ । बर्खे धानको तुलनामा उत्पादन बढी हुने भए पनि किसानहरूले भित्र्याउने बेलामा झन्झट मान्ने गरेका छन् । झन्झट घटाउन र उब्जनी जोगाउनमा भने ठोस कार्यक्रम छैन ।
**-सेतोपाटी डटकम**



# सार्वजनिक जग्गा संरक्षणमा लाग्न गृहको निर्देशन




**पाल्पा,** वैशाख ८/गृह मन्त्रालयले अतिक्रमित सार्वजनिक जग्गा साविककै अवस्थामा फिर्ता ल्याउन स्थानीय प्रशासनलाई निर्देशन दिएको छ । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई सार्वजनिक जग्गा फिर्ता ल्याउन पुनः निर्देशन दिएका हुन् ।

गृह मन्त्रालयले मुलुकी अपराध संहिता, २०७४ र स्थानीय प्रशासन ऐन, २०२८ को कार्यान्वयन गरी सरकारी तथा सार्वजनिक जग्गा एवं सम्पत्तिको लगत सङ्कलन गर्ने, अभिलेख राख्ने र त्यस्तो सरकारी वा सार्वजनिक जग्गा तथा सम्पत्ति अतिक्रमण भएको वा अनाधिकृत रुपमा उपभोग गरेको पाइएमा साविककै अवस्थामा फर्काउन निर्देशन दिएको छ । सरकारी वा सार्वजनिक वा निश्चित प्रयोजनका लागि उपयोग गर्न दिइएका जग्गा अनधिकृत रूपमा दर्ता वा दाखिल खारेज गरी अतिक्रमण वा कब्जा गरेको एवं तोकिएको उद्देश्यभन्दा फरक प्रयोजनका लागि प्रयोग भएका विभिन्न घटनाबाट देखिएपछि मन्त्रालयले जग्गा फिर्ताको पहल थालेको हो । अतिक्रमण भएका जग्गा फिर्ता ल्याउने तथा राज्यको सम्पत्ति कब्जा गर्नेलाई कानुनबमोजिम कारबाही गरिने पनि मन्त्रालयले जनाएको छ । मुलुकी अपराध संहिता २०७४ को दफा १४७ र १४८ को व्यवस्था र स्थानीय प्रशासन ऐन २०२८ को दफा १० (क) को प्रबन्ध स्मरण गराउँदै सबै स्थानीय प्रशासनलाई हालसम्म भएका कामको विवरण मन्त्रालयमा पठाउन र अबदेखि दैनिक प्रगति प्रतिवेदन मन्त्रालयलसमक्ष प्रस्तुत गर्न समेत गृहमन्त्रीले निर्देशन दिएका छन् ।

# छत्रकोटमा उखु...

...महोत्सवमा गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेले उखुको प्रवर्द्धन र विकाससँगै किसानलाई अझ बढी व्यावसायिक बनाउन लागि उखु महोत्सव आयोजना गरिएको जानकारी दिए । उनले महोत्सवले किसानमा आफ्ना उत्पादन बिक्री गर्न र त्यसको प्रचार–प्रसार गर्न थप मद्दत पुगेको बताए । कार्यक्रममा उखु महोत्सवका संयोजक एवं व्यावसायिक उखु कृषक रामकृष्ण न्यौपानेले गाउँमा आयोजना गरिने यस्ता प्रकारका मेला महोत्सवले किसानलाई पनि थप उत्प्रेरणा जगाउने काम गरेको बताए । यसबाट उखु किसान थप उत्साहित बनेको भन्दै यसलाई आगामी वर्षमा पनि निरन्तरता दिन उनले आग्रह गरे । महोत्सवमा गाउँपालिका उपाध्यक्ष सावित्रा ज्ञवाली, कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारी, प्रमुख प्रशासकीय अधिकृत वीरबहादुर पुनलगायतका व्यक्तिले महोत्सवले उखु किसानलाई थप हौसला बढाएको बताए । गाउँपालिकामा मात्र तीन सय किसान व्यावसायिक उखुखेतीमा लागेका छन् । जिल्लाको खेतीयोग्य जमिनमध्ये एक सय ९० हेक्टर क्षेत्रफलमा व्यावसायिक रुपमा उखुखेती गरिएको छ । यस वर्ष जिल्लामा पाँच सय ८९ मेट्रिकटन उखुजन्य पदार्थ (खुदो र गुड) उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख भण्डारीले जानकारी दिए । जिल्लामा यस पटक पाँच करोड ४५ लाख बराबरको उखुजन्य पदार्थ उत्पादन भएको जनाइएको छ ।

**-रासस**

## खेलकुद समाचार

# दौड प्रतियोगितामा कुशल दीक्षित छनोट



**काठमाडौं,** वैशाख ८/विश्व चर्चित लण्डन म्याराथन दौड प्रतियोगितामा नेपालबाट ललितपुर पाटनका कुशल दीक्षित छनोट भएका छन् ।

दौडसँग सम्बन्धित प्रक्रिया र मापदण्ड पूरा गरेपछि भाग लिन पाउने लण्डन म्याराथन प्रतियोगितामा नेपालका तर्फबाट २० वर्षका धावक दीक्षित मात्र छनोट भएका हुन् । विश्वको खेलकुद इतिहासमा लण्डन म्याराथन दौड प्रतियोगितामा भाग लिन पाउनुलाई महत्वपूर्ण उपलब्धीका रूपमा लिइन्छ । लामो दूरीको दौडतर्फ विश्व भर चर्चित लण्डन म्याराथन प्रतियोगिता आइतबार लण्डनमा हुँदैछ । प्रतियोगितामा भाग लिन विश्वका ५० हजार जनाभन्दा धेरै युवा धावक लण्डन पुगिसकेका धावकका हजुरबुबा डाक्टर सुन्दरमणि दीक्षितले जानकारी दिए । अमेरिकामा अध्ययनरत दीक्षित उतैबाट लण्डन पुगेका छन् ।

## कर्पोरेट/अर्थ समाचार

# विद्यार्थीलाई शैक्षिक कर्जा




**पाल्पा,** वैशाख ८/भारतमा उच्च शिक्षाका लागि जाने विद्यार्थीहरुका लागि शैक्षिक कर्जा दिइने भएको छ । ग्लोबल आइएमई बैंक र हब इन्टरनेसनल एजुकेसन प्रालिले उक्त कर्जा उपलब्ध गराउने भएका हुन् ।

यी दुई बीच भारतमा उच्च शिक्षाका लागि जाने विद्यार्थीहरुलाई शैक्षिक कर्जा सहजरुपमा प्रवाह गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ । समझदारी पत्रमा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल तथा हब इन्टरनेशनल एजुकेशनका अध्यक्ष उद्धवबहादुर खड्काले हस्ताक्षर गरेका छन् । समझदारी अनुसार बैंकले हब इन्टरनेसनल एजुकेसनले सिफारिस गरेका विद्यार्थीलाई भारतका विश्व विद्यालयहरुमा उच्च शिक्षाका निमित्त आवश्यक वित्तीय दायित्व वहन गर्न आवश्यक शैक्षिक कर्जा सहजरुपमा प्रवाह गर्नेछ । हब इन्टरनेसनल एजुकेसनमार्फत सिफारिस भएका विद्यार्थी तथा अभिभावकले आवश्यक कागजात तथा विवरणसहित बैंकको शाखा कार्यालयमा निवेदन दिए पश्चात् छिटो, सरल तथा सहज रुपमा यो कर्जा प्रवाह गरिनेछ । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३ सय ५४ शाखा कार्यालय, ३ सय ७९ एटिएम, २ सय ७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १ हजार १ सय भन्दा बढि सेवा केन्द्र रहेका छन् ।





वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई